नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय
सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्याः-
च.नं.:-

# विज्ञप्ति

सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओलीज्यूले सम्वत् २०८१ माघ २५ गते सातवटै प्रदेशका माननीय मुख्यमन्त्रीज्यूहरूसँग प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालयमा रहेको प्रत्यक्ष संवाद कक्ष (Action Room) बाट संवाद गरी सार्वजनिक सेवा प्रवाह र विकास निर्माणलाई थप प्रभावकारी बनाउन आग्रह गर्नुभयो।

संवादका क्रममा सम्माननीय प्रधानमन्त्रीज्यूले यस्तो संवाद देशको आर्थिक समृद्धिसँगै सामाजिक साँस्कृतिक समृद्धि सहितको समुन्नत समाज निर्माणको लागि नविन शुरुवात भएको बताउनु भयो। उहाँले विकास निर्माण र सार्वजनिक सेवा प्रवाहमा प्रविधिको प्रयोग बढाउन निर्देशन दिनुभयो। साथै, प्रविधिको उपयोग गरी आगामी एसईई परीक्षाको नतिजामा ठोस र उच्चतम सुधार गर्न आव्हान गर्नुभयो। उहाँले यस्तो संवाद आगामी दिनमा नियमित गर्ने जानकारी गराउनुहुँदै मुख्यमन्त्रीज्यूहरूको भनाई र विचार सम्बोधन गर्ने गरी सरकारको आगामी नीति तथा कार्यक्रम र बजेट निर्देशित हुने समेत उल्लेख गर्नुभयो। अन्त्यमा उहाँले सम्भव भएसम्म प्रदेश सभामा समेत आफु सम्बोधन गर्न ईच्छुक र प्रयासरत रहेको जानकारी गराउनु भयो।

संवादका क्रममा सातवटै प्रदेशका मुख्यमन्त्रीज्यूहरूले आ-आफ्नो प्रदेशका विकास निर्माण र सुशासनको अवस्था एवम् प्रदेशहरूले भोगिरहेका समस्याहरूबारे प्रस्तुतीकरण गर्नुभएको थियो। प्रदेश र स्थानीय तह तथा प्रदेश र संघीय सरकार बीचको सहकार्य र समन्वयबाट मात्र राष्ट्रिय समृद्धिको लक्ष्य प्राप्त गर्न सकिने भएकोले स्रोत परिचालन र कार्यक्रम तर्जुमा गर्दा सहकार्य गर्नुपर्नेमा उहाँहरूले जोड दिनुभयो।

संवाद कक्षमा सम्माननीय प्रधानमन्त्रीज्यूका मुख्य सल्लाहकार एवम् सल्लाहकारज्यूहरू, नेपाल सरकारका मुख्य सचिवज्यू एवम् प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालयका सचिवज्यूहरू सहित उच्चपदस्थ कर्मचारीहरूको उपस्थिति रहेको थियो।

२०८१ माघ २५ गते, शुक्रबार

प्रेमप्रसाद आचार्य
प्रवक्ता/सहसचिव

टेलिफोन : ५९७१०००, ५९७१००१, ५९७१०२५, ५९७१०१४, पो.ब.नं.: २३३१२, काठमाडौं, नेपाल
ई-मेल : info@opmcm.gov.np
वेब साइट : http/www.opmcm.gov.np